नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

राजस्व अनुसन्धान विभाग

# राजस्व अनुसन्धान कार्यालय

पथलैया, बारा

## लिलाम बिक्रीको शीलबन्दी दरभाउपत्र आव्हानसम्बन्धी २१ (एक्काईस) दिने सूचना - पाना २

(प्रकाशित मिति २०८०/०३/२१)

यस कार्यालयबाट विभिन्न मितिमा कब्जा/जफत भएका तपशील बमोजिमका सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामै दरभाउपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले नियमानुसार दर्ता भएका इच्छुक फर्म तथा कम्पनी एवं व्यक्तीबाट निम्न शर्तको अधिनमा रही राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०७६ को दफा ३२ तथा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को नियम २६ बमोजिम शीलबन्दी लिलाम गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्रसम्वन्धी कागजातहरु खरिद गर्न निवेदन साथ व्यक्ती भए नागरिकताको प्रमाणित प्रतिलिपि र फर्म वा कम्पनी भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ.कर तथा आयकरमा दर्ता भएको दर्ता प्रमाणपत्र र आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति सहित न्यूनतम मूल्य रु. १ लाखसम्मको लागि रु. ३००/- र रु. १ लाख भन्दा माथी १० लाखसम्मको लागि रु. १,०००/- तथा १० लाख भन्दा माथिका लागि रु २,०००/- फिर्ता नहुने गरी यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट रकम बुझाएको रसिद संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस कार्यालयको लिलाम शाखाबाट कार्यालय समयमा खरिद गर्न सकिने छ ।

२. आफूले कबोल गर्ने दरभाउपत्रसम्बन्धी कागजातहरु व्यक्ती भए आफु स्वयंले, कम्पनी तथा साझेदारी फर्म भए आधिकारिक प्रतिनिधि र अन्यको हकमा प्रोप्राईटर आफैंले वा निजको अख्तियारी दिएको आधिकारिक व्यक्तिले सहिछाप गरी शीलबन्दी खाम बाहिर "श्रीमान प्रमुख अनुसन्धान अधिकृत, राजस्व अनुसन्धान कार्यालय, पथलैया, बारा" र माथिपट्टी सूचना नं. र आ.व. उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले २२ औं दिन मध्यान्न १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । यसरी दर्ता हुन आएका दरभाउपत्र सोही दिन १६:०० बजेदेखि कार्यालय प्रतिनिधि र उपस्थित हुन आएका दरभाउपत्रदाता आफैं वा आधिकारिक प्रतिनिधिको रोहवरमा राजस्व अनुसन्धान कार्यालय, पथलैयामा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. प्रत्येक सूचना नम्बरको छुट्टाछुट्टै शीलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

४. आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, कलैया बाराको राष्ट्रिय वाणिज्य बैंक, कलैया शाखामा रहेको धरौटी खाता नं. १२६०१००१०२०३०००० मा कार्यालयको कोड नं.- ३०१०५२१०१ उल्लेख गरी फर्मको नामबाट रकम जम्मा गरेको सक्कल भौचर नै दरभाउपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ । प्रत्येक दरभाउपत्रको लागि छुट्टाछुट्टै भौचर पेश गर्नुपर्नेछ ।

५. आफूले कबोल गरेको मूल्य (मु.अ.कर र अन्तःशुल्कवाहेकको रकम) अङ्क र अक्षर दुबैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम दाखिला गरी सामान उठाई लैजानु पर्नेछ ।

७. सवारी साधनहरुको भौतिक अवस्था हेर्न चाहेमा दिनको ३.०० बजे देखि ४.०० बजे भित्र कार्यालय समयमा सम्पर्क गरी हेर्न सकिनेछ । दरभाउपत्रसम्बन्धी कागजात खरिद गर्नेहरूले मात्र सवारी साधनहरू हेर्न सक्नेछन् ।

८. दरभाउपत्रसम्बन्धी कागजातहरु खरिद/दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरु क्रमशः सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

९. दरभाउपत्रमा कवोल गरेको रकममा १३% VAT तथा प्रचलित कानून वमोजिम सडक शुल्क र अन्य दस्तुर थप हुने छ ।

१०. यस कार्यालयको नाममा धरौटी खातामा रकम जम्मा गर्ने तर दरभाउपत्रसाथ धरौटी रसिद पेश नगर्ने, दरभाउपत्र फाराममा विवरण नभरी धरौटी रसिद संलग्न गरी पेश गर्ने, यो सूचना प्रकाशित हुनुभन्दा अघि नै धरौटी दाखिला गर्ने तथा दरभाउपत्र नै पेश नगरी धरौटी माग गर्न आउने फर्महरूको धरौटी रकम फिर्ता गर्न कार्यालय बाध्य हुने छैन ।

११. यस सम्बन्धी अन्य कुराहरू प्रचलित ऐन नियमानुसार हुनेछ ।

१२. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

**<u>तपशील</u>**

| क्रसं | सू.द.नं. | मालबस्तुकोविवरण | | | ईन्जिन नं. | चेसिस नं. | प्रस्तावित पञ्चकिर्ते मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | कम्पनी /किसिम | नम्वर | रंग | | | | |
| १ | ३८५-०७७/७८ | टाटा ट्रक | BR06GB4156 | सेतो/रातो/निलो/हरियो | 41K63403640 | MA1T466420E1K18239 | 1500000 | दर्ता हुने (2014) |
| २ | २६४-२०७८/०७९ | महिन्द्रा ट्रक | ना ६ ख ८१४ | रातो/कालो/हरियो | BAFZG11992 | MA1PFAHBCF6G48489 | 1420000 | दर्ता हुने (2015) |
| ३ | २२३-२०७७/०७८ | स्कारपियो | BR22PA0846 | सेतो | SJH4K70240 | MA1TA2SKXH2K75419 | 1431000 | दर्ता हुने (2017) |